

# हिमाली गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## धुलाचौर,बाजुरा

### सुदूरपश्चिम प्रदेश, नेपाल

# आ.व. २०८०।०८१

# वार्षिक नीति तथा कार्यक्रम

### २०८० साल असार ९ गते शनिवार

# हिमाली गाउँपालिका

## आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम

**"स्वास्थ्य, शिक्षा, कृषि, जडिवुटी, पर्यटन, जलस्रोत र पूर्वाधार
औद्योगिकरण, सुशासन र गरिवी निवारण समृद्ध हिमालीको आधार"**

हिमाली गाउँपालिका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, गाउँ सभाका सदस्यहरु, कर्मचारी साथीहरु,पत्रकार बन्दु, सुरक्षाकर्मी तथा उपस्थित सम्पूर्ण महानुभावहरु सर्वप्रथम हिमाली गाउँपालिकाको **१२ औं** गाउँ सभामा हार्दिक स्वागत गर्दछु ।

हिमाली गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम, यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै खुसी लागेको छ । यस अवसरमा म, नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र स्थानीय सुशासनको लागि नेपाली जनताले गर्दै आएको ऐतिहासिक जनआन्दोलनहरुमा जीवन वलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानको कठीन परिस्थितिमा त्याग र नेतृत्व गर्नुहुने आदरणीय अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

विपद् व्यवस्थापन र महामारी जन्य जोखिमपूर्ण परिस्थितिमा अग्रपंक्तिमा रहेर सेवा गर्नुहुने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सम्पूर्ण जनप्रतिनिधि ज्यूहरु, कार्यालय प्रमुख लगाएत प्रशासनीक कर्मचारीहरु, महिला स्वास्थ्य स्वयंसेविका, सामाजिक संघ संस्था, निजी तथा ब्यावसायिक क्षेत्र, सञ्चारजगत तथा यस कार्यमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण महानुभावहरु लगायत सम्पूर्ण गाउँवासीको उच्च प्रशंसा गर्दै हार्दिक धन्यवाद दिन चाहन्छु ।

हिमाली गाउँपालिकाको विकासका निम्ती, नीति योजना तथा कार्यक्रम तर्जुमाका विभिन्न चरणहरुमा सहयोग पुऱ्याउनु हुने उपाध्यक्षज्यु, सभाका सदस्य ज्युहरु, प्रमुख प्रशासकिय अधिकृत ज्यु लगाएत सवै राष्टसेवक कर्मचारी र सम्पुर्ण गाउँपालिका वासी आमा वुवा दाजुभाइ तथा दिदीवहिनीहरुलाई स–धन्यवाद ज्ञापन गर्न चाहान्छु ।

भौगोलिक, प्राकृतिक, ऐतिहासिक, सांस्कृतिकका साथै उत्पादन र उत्पादकत्व एवं पर्यटकीय महत्वका दृष्टिले समेत अत्यन्त प्रवल सम्भावना भएको गाउँपालिका भएर पनि द्रुत विकासको लागि हाम्रा सामु अझै पनि केही चुनौतीहरु बाँकी नै छन् । विकासको क्रममा पछाडी परेका वर्ग तथा समुदायलाई विकासको मूल प्रवाहमा ल्याउने, उत्पादनशील क्षेत्रमा लगानी अभिबृद्धि गरी आर्थिक गतिविधिहरुको माध्यमद्वारा रोजगारी विस्तार गर्ने, कृषि क्षेत्रको व्यवसायीकरण र आधुनिकिकरण गर्ने, सुशासन प्रर्वद्धन गरी सेवा प्रवाहमा प्रभावकारीता कायम गर्ने, पर्यटन विकासबाट प्राप्त लाभ लिई सवै क्षेत्रसम्म टेवा पुऱ्याउने, वन जंगलको संरक्षण गर्दै भुक्षय नियन्त्रण, विपद र वातावरणीय सन्तुलनलाई कायम राख्ने, भौतिक पूर्वाधारको विकासमा अझै लगानी वृद्धि गरी सडक यातायात लगायत भवन संरचनाहरुको निर्माण, विकास र विस्तार गर्ने तथा सामाजिक विकासलाई संस्थागत गरी अपेक्षित विकासको प्रतिफल हाँसिल गर्ने एवं आन्तरिक आयको दायरालाई फराकिलो बनाउने र आन्तरिक व्यवस्थापनलाई सुशासन मैत्री बनाई संस्थागत सुदृढिकरण गर्ने न्यून तथा मध्यम स्तरको मानव विकासको अवस्थालाई सुधार गरी मध्यम तथा उच्च सक्षम व्यक्ति र गतिशिल समाज निर्माण गर्नुका साथै सुखी हिमाली वासी तथा समृद्ध हिमाली गाउँपालिका बनाउने र मानव विकासको बाधकको रुपमा रहेको कुपोषण, गरिवी, हुन सक्ने विपद् जोखिम लगायत अन्य महामारी जस्ता चुनौतीहरु हाम्रो सामु रहेका छन् ।

उल्लेखित महत्वपूर्ण तथा ऐतिहासिक सफलताका कार्यहरुमा गाउँवासीले दिएको साथ, सहयोग, अघात माया र ममताबाट प्रेरित भई मैले हिमाली गाउँपालिकालाई कृषिमा आत्मनिर्भर, सबै नागरिकहरुमा गुणस्तरीय स्वास्थ्य, शिक्षाको पहुँच पुगाउन तथा सबै वस्तीहरुलाई सडक संजालमा जोडिने र कुपोषण तथा गरिबी निवारण, **हिमाली गाउँ उज्यालो बनाऔं** भन्ने अभियान सञ्चालन गर्दै रोजगारी सिर्जना गरी सुखी हिमाली वासी र समृद्ध हिमाली गाउँपालिका

बनाउने गरी आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम गाउँ सभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरेको छु ।

**माननीय सदस्यज्यु हरु**

**अब म आगामी आ.व.२०८०।०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमती चाहान्छु ।**

**(क) आर्थिक विकासतर्फ :**

**१. कृषि विकास तथा कृषि प्रसार :**

- **"आजको लगानी बोट, भोलिको प्रतिफल नोट"** भन्ने नाराका साथ यस हिमाली गाउँपालिकाले संचालन गर्दै आएको खाद्य सुरक्षाका लागि वृक्षारोपण कार्यक्रमलाई थप व्यवस्थीत र सुद्धढीकरण गरि निरन्तरता दिदैं खाद्यान्न व्यवस्थाको लागि आवश्यक बजेटको व्यवस्था गरिने छ ।
- **कृषि क्षेत्रको आधुनीकरण, व्यवसायीकरण र बजारीकरण प्रवर्द्धन गर्ने कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गरिने छ र हिमाली गाउँपालिकामा उत्पादीत कृषि तथा पुशजन्य उत्पादनलाई बजारीकरण गर्नका लागि कृषि एम्बुलेन्स संचालनमा ल्याईने छ ।**
- कृषिजन्य वस्तुको आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धन र खाद्य तथा पोषण सुरक्षा प्रत्याभूत गराउन कृषि विकास कार्यक्रम प्राथमिकतामा राखी सञ्चालन गरिने छ ।
- कृषकहरुले उत्पादन गरेका फलफूलहरु र अन्य नगदेबालीहरुको भण्डारण गर्न **कृषि सित गृह ( कोल्ड स्टोर**) निर्माण कार्य भई रहेकाले निर्यातका लागि बजारीकरणको व्यवस्था मिलाईने छ ।
- **"आफूलाई चाहिने विउ आफै उत्पादन गरौं"** भन्ने नाराका साथ विउमा आत्मनिर्भर हुन रैथाने वालीहरु फापर, चिनो, कागुनो, मार्स्या लगायत अन्य बाली धान, गहु, मकै, कोदो जस्ता प्रमुख खाद्यान्न वाली एवंम दलहन र तरकारी आदिको विउविजन उत्पादनका कार्यक्रमहरु संचालनमा ल्याईने छ ।
- कृषकले उत्पादन गरेका कृषिजन्य वाली वस्तुहरुको ढुवानी सहजताको लागि गाउँबाट बजार जोड्ने कृषि सडकलाई विशेष प्राथमिकता दिईने छ ।
- प्रधानमन्त्री कृषि आधुनीकरण परियोजना अन्तरगत हाल सञ्चालनमा रहेका पकेट विकास कार्यक्रमलाई निरन्तरता दिदै ब्लक र जोनका लागि क्षेत्र विस्तार गरिने छ ।
- **"नगदे, रैथाने र फलफुल खेती हिमालीको पहिचान, आयत घटाइ निर्यात बढाउने हाम्रो अभियान"** भन्ने नारालाई साकार पार्न वस्ती स्तरमा नै उत्पादन हुने उवा, जौं, कोदो, चिनु, कागुनु, फापर, मार्स्या, तिलखुरी, भटमास, सिमि लगायतका रैथाने बालीको संरक्षण, सर्म्बद्धन तथा उत्पादन वृद्धि गर्नका लागि ल्याइएका आवश्यक कार्यक्रमहरुलाई निरन्तरता दिदै

बजारिकरणको समस्या भएमा गाउँपालिकाले नै खरिद गरी सो को बिक्री तथा व्यवस्थापन गर्नका लागि आवश्यक सहजिकरण गर्ने व्यवस्था मिलाईने छ ।

- कृषि उत्पादन तथा उत्पादकत्व बृद्धिको लागि आधुनिक प्रविधिहरुको प्रचार प्रसार र प्राविधिक सेवा सर्वसुलभ रुपमा प्रदान गर्न गाउँपालिकाका सबै वडा तथा वस्ती र सेवा केन्द्र स्तरमा विभिन्न व्यवसायिक विषयमा तालिम संचालन गरि कृषकहरुलाई सक्षम गराईने छ ।
- माटो परिक्षणका आधारमा उपर्युक्त बाली लगाउन किसानहरुलाई जागरुक गराईने छ ।
- परम्परागत मौरी पालक कृषकहरुलाई आधुनिक प्रविधि हस्तान्तरण गरी मह उत्पादनमा बृद्धि गर्न प्रोत्साहन गरिने छ ।
- हिमाली गाउँपालीकामा ड्राईगन फ्रुट खेतीलाई प्रोत्साहनमा जोड दिईने छ ।
- कृषक समूह, सहकारी, सरकारी तथा गैर सरकारी संस्था र स्थानिय तहहरुको साझेदारीमा कृषि कार्यक्रमहरु संचालन गर्ने नीति अवलम्बन गरिने छ ।
- हिमाली गाँउपालीका वडा नं. १ स्थीत **बाँममा** स्थापना भएको उच्च घनत्व स्याउ बगैचा, वडा नं.२ को **गोरचौर काँडागाँउ** र **बढखौला** वडा नं.३ **सिसेरा**, **भानडाडा** र **गुम्बा** वडा नं. ४ को **लेखवोर्ता**, वडा नं. ५ को **नदै**, **ग्याम्चु**, **आरुडाली** र वडा नं.६ को **झीनी**, **बालाफुगी**, **पाँडी** गाउँका व्यवसायिक रुपमा फलफुलहरु (स्याउ, ओखर) खेती बगैचाहरुको संरक्षण गर्ने व्यवस्था मिलाईने छ ।
- गाउँपालिका भित्र उत्पादित पशुपंछि बाट प्राप्त हुने कच्चा प्रर्दाथहरु बाट निर्मित पशुजन्य सामाग्रीहरुको उत्पादन गर्न पशुजन्य उद्योगहरुको स्थापनाका लागि आवश्यक बजेटको व्यवस्था गरिनुका साथै उत्पादित सामाग्रीहरुको बजारिकरणको लागि आवश्यक सहयोग तथा सहजिकरण गाउँपालिकाले गर्ने नीती लिईने छ ।
- **"उन्नत जातका गाई, भौसी, बाखा, भेडा, च्याङ्ग्रा, मत्स्यपालन व्यवसाय गरौँ, पशुपन्छी व्यवसायलाई अभिबृद्धि गरी हिमाली गाउँपालिकालाई आत्मनिर्भर बनाऔँ"** भन्ने मुल नारालाई साकार पार्न यस गाउँपालिकामा व्यवसायिक रुपमा पशुपालन गर्ने कृषक तथा कृषक समूहलाई उन्नत जातका बोका, थुमा, राँगा र साँडे उपलब्ध गराउदै आइराखेका क्रियाकलापहरुलाई निरन्तरता दिनुका साथै उन्नत जातका पशुहरु खरिद गरी व्यवसायिक रुपमा पशुपालन गर्न इच्छुक कृषक तथा कृषक समूहलाई ५० प्रतिशत खरिद अनुदान र १०० प्रतिशत ढुवानीको लागि आवश्यक बजेटको व्यवस्था गरिने छ ।
- देशको अर्थतन्त्रको मेरुदण्ड कृषि तथा पशुपालन क्षेत्रको विकास नै यस हिमाली गाउँपालिकाको प्रमुख आधार भएकाले प्रत्येक वडामा एक कृषि तथा पशु प्राविधिक राख्ने गरि आवश्यक प्रकृया अघि बढाईने छ ।

- कृषिमा उत्पादन बृद्धि गर्न १२ महिना खेतीका लागि मझौला तथा साना सिचाई निर्माण तथा मर्मत कार्य गर्नुका साथै पानिको स्रोत कम भएका स्थानमा आकाशे पानी संकलन ट्यांकी, प्लाष्टीक पोखरी र हिम पोखरी निर्माण गरिने छ ।

- कृषि तथा पशुपंक्षि विमा कार्यक्रम संचालनका लागि आवश्यक पहल गरिने छ ।

- जुनोटिक रोग नियन्त्रणका लागि आवश्यक रणनिती अवलोकन गरिने छ । पशुपंक्षी रोगथामका लागि भेटेरीनरी निरीक्षण, निगरानी, अवलोकन, उपचार, जैविक सुरक्षा प्रबर्धन कार्यलाई संचालन गरिने छ ।

- एकल महिला, दलित, अपाङ्गता भएका व्यक्ति, सहिद परिवार तथा द्धन्द प्रभावितहरु लाई कृषि तथा पशुपंक्षी विकास कार्यक्रम संचालनमा प्रोत्साहन गरिने छ ।

- पशुपंक्षी तथा कृषि जन्य रोग नियन्त्रणका लागि साधारण ल्याव, माटो परिक्षण प्रयोगशाला, जैविक विषादी व्यवस्थापनमा आवश्यक सुधार गरिने छ ।

- पशुपालनको रुपमा भेडा, बाख्रा, तथा चौरी, झुमा गाईको व्यवसायिक पशुपालन गर्नुका साथै निर्यात गर्ने तर्फ कार्यक्रमहरु ल्याइनेछ । पशुजन्य उद्योगहरु स्थापना गर्न प्रोत्साहन गरिने छ ।

- ऊन मिसनका लागि भेडा प्रवर्द्धन कार्यक्रम, बाख्राको साना व्यवसाय उत्पादन पकेट विकास कार्यक्रमलाई आगामी आ.व.मा निरन्तरता दिईने छ ।

- उन्नत जातका पशुपंक्षी उत्पादन गर्नका लागि कृतिम गर्भधान कार्यक्रमलाई कृषक व्यवसायि सम्म पुर्याउने साथै व्यवसायीक पशुपालकलाई उत्प्रेरित गर्न विभिन्न अनुदान, तालिम तथा प्रोत्साहनलाई जोड दिईने छ ।

- पशुपालन क्षेत्रको बिकासमा कृषक समुह, समिती, सहकारी, गैह्र सहकारि संस्था र गाउँपालिका विच साझेदारी गरिने छ ।

- स्थानीय सीप, श्रोत, साधन एवं आधुनिक प्रविधिको प्रयोगलाई बढावा दिई ब्यवसायिक उत्पादन तर्फ अग्रसर गराउने कार्यक्रम (फर्निचर, कागज, जडीबुटी, कुटानी, पिसानी मिल, जुस, उद्योग) सञ्चालन गरिनेछ । व्यवसायिक पशुपालकलाई उत्प्रेरित गर्न विभिन्न अनुदान, तालिम तथा प्रोत्साहनलाई जोड दिईने छ ।

- हिमाली गाउँपालिकामा पाईने केतुके, अल्लो, लोक्ता लगाएतका जडिबुटीहरुलाई प्रशोधनका लागि उद्योगको स्थापना गरी रोजगारी सिर्जना गर्न आवश्यक नीति लिईने छ ।

- हिमाली गाउँपालीकामा पानीको स्रोत कम भएका वडा नं.५ बच्छ्या, वडा नं.४ फैती र बोर्ता टोलमा आधुनिक घट्ट र कुटानी पिसानी मिल स्थापना गरि संचालनमा ल्याईने छ ।

- हिमाली गाउँपालिकामा संचालित आलु पकेट विकास कार्यक्रमलाई निरन्तरता दिँदै हिमाली गाउँपालिकाको कवाडीमा नयाँ आलु पकेट विकास कार्यक्रम स्थापना गरिने छ।
- टिमुर खेतीलाई बिस्तार गर्नका लागी संम्भाबित क्षेत्रहरुको पहिचान गरी टिमुरका बिरुवाहरु वितरण गर्नुका साथै नर्सरी स्थापना गरिने छ।
- हिमाली गाउँपालिका वडा नं.५ को मालाचौर र वडा नं.६ छेपीमा कपास खेती बिस्तार गरिने छ।
- हिमाली गाउँपालिका फलफुल विरुवामा आत्मनिर्भर बन्नका लागि **१ वडा १ नर्सरी** स्थापना कार्यक्रम संचालन गरिने छ।
- प्रदेश र स्थानीय सरकारको सहकार्यमा हिमाली गाउँपालिका वडा नं १, २ र ३ मा च्यांग्रा पालनलाई व्यवसायीकरण गरी पस्मिना उत्पादन, उद्योग संचालन गर्न पहल गरिने छ।
- हिमाली गाउँपालिका,जी.आई.जेड र अन्य साझेदार निकायको सहकार्यमा जलवायुमैत्री नमुना कृषि गाउँ कार्यक्रम संचालन गरिने छ।
- प्रत्येक वडामा प्राथमिकिकरणको आधारमा रष्टिक स्टोर र खाद्य संकलन केन्द्र संचालन गरिने छ।
- संघीय, प्रदेश र स्थानीय सरकारको सहकार्यमा हिमाली गाउँपालिका स्तरीय **एक ब्लक विकास कार्यक्रम** र **७ वटै वडामा पकेट विकास कार्यक्रम** संचालन गरिने छ।
- व्यवसायीक कृषक, जनप्रतिनिधी र कर्मचारीहरुलाई कृषी अवलोकन भ्रमणको व्यवस्था गरिने छ।

**२. राजश्व परिचालन तर्फ :**

- कर प्रणालीलाई राजस्व वृद्धि गर्नाका लागि करदाता शिक्षा लगायत जनचेतना मूलक कियाकलापहरु सञ्चालन गरिने।
- प्राकृतिक जन्य खानी सञ्चालन गरे वाफत निश्चित प्रतिशत सेवा शुल्क लिइनेछ।
- गाउँपालिकाको पर्यटकीय सम्भावना बोकेको क्षेत्रको पहिचान गरी सोको आवश्यक व्यवस्था गरिने छ।
- राजश्व संकलन गर्न गाउँपालिका भित्र स्वयम् सेवक नियुक्ती गर्न सकिने मापदण्ड अगाडी बढाइने छ।
- समयमा कर नतिर्ने लाई थप जरिवाना र दण्डित गरिने छ भने लामो समय कर नतिरी अटेर गर्नेलाई गाउँपालिकाले दिने सबै सेवा रोक्का गरिने र बढी कर तिर्ने तथा समयमा कर तिर्ने कर दातालाई पुरस्कृत गरीने छ।
- घुम्ती शिविर मार्फत बस्ति स्तरमा समेत गई घर दैलो सबै प्रकारका राजश्व, कर संकलन अभियान सूचारु गरिने छ।

- जडिबुटी संकलन सम्बन्धमा गाउँपालिकाले राजश्व दर निधारण गरेता पनि आ व २०७९।०८० सम्म राजश्व रकम शुन्य मात्रामा रहेकाले सुरक्षा निकाय र वन उपभोक्ता समितिसँग समन्वय गरि राजश्व संकलन गर्न कर्मचारी तथा स्थानीय स्वयम् सेवक परिचालन गर्ने व्यवस्था मिलाईने छ ।
- जडिबुटी उत्पादन, संकलन र प्रशोधनका साथै बजारिकरणको व्यवस्था गरी राजश्वमा बृद्धि गराईने छ ।
- संवैधानिक अधिकार बमोजिम गाउँपालिकाले संकलन गर्नुपर्ने राजश्वमा कडाई गरिने छ ।
- गाउँपालिका क्षेत्रभित्र उत्खनन् हुने बालुवा, गिट्टी लगाएत अन्य प्राकृतिक श्रोतको राजश्व दर निधारण गरी राजश्व संकलन कार्यमा प्रभावकारी बनाईने छ ।

## ३. पर्यटन तर्फः

- कर्णाली नदीको धुलाचौर देखि पिलुचौरसम्म र्‍याफ्टिङ सेवा सञ्चालन भईरहेको तथा कुवाडी देखि धुलाचौरसम्म र्‍याफ्टिङ सेवा सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाईने छ ।
- हिमाली गाउँपालिका हुँदै रारा जाने बाटो जोडि सकेको र बुढीनन्दा जाने सडक संजाल जोड्न. काम भैरहेको हुँदा पर्यटन प्रर्वद्धनका लागि प्रचार प्रसार गरी स्थानीय नागरिकहरुलाई पर्यटन व्यवसाय जोड्ने गरी आवश्यक व्यवस्था मिलाईने छ ।
- पर्यटन क्षेत्रको संरक्षण, सम्वर्द्धन, प्रवर्द्धन तथा पर्यटकिय स्थलसम्मको सहज पहुँच पुगाउनको लागि हिमाली गाउँपालिकाको रानीसैन, बुढीनन्दा लगायतका क्षेत्रहरुलाई पर्यटकीय सडक सञ्जालसंग जोड्ने गरी आवश्यक कार्य अगाडी बढाईने छ ।
- सुरक्षित सडक सञ्जाल निर्माण, मन्दिर तथा देवस्थल निर्माण, गुफा ब्यवस्थापन, खरी ढुङ्गा, चुन ढुङ्गाको उत्खनन्, तथा अन्य पर्यटकीय स्थलहरुको पहिचान गर्ने कार्यलाई निरन्तरता दिँदै हिमाली गाउँपालिकासँग जोडिएको कर्णाली नदिको क्षेत्रमा र्‍याफ्टीङ्ग सेवा निरन्तरता, रानीसैन पर्यटकीय क्षेत्रसम्म पदमार्ग यात्रा संचालन गर्ने कार्यको निरन्तरता दिईने ।
- हिमाली गाउँपालिकाको क्षेत्रभित्र रहेका ऐतिहासीक धरोहर, मठ मन्दिर, गुम्वाहरुको उचित संरक्षण कार्यलाई निरन्तरता दिँदै यस क्षेत्रको सांस्कृतिक, पर्यकटिय स्थल, स्थानीय कलाकृति, मौलिक साँस्कृतिक परम्परा रीतिरिवाजको जगेर्ना गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा प्रचार प्रसार गर्नका लागि डकुमेन्ट्री निर्माण गरी, सामाजिक सञ्जालबाट प्रचारप्रसार गर्ने तथा राष्ट्रिय टेलिभिजन बाट प्रसारण गर्ने लगायतका कार्यक्रमहरु सम्पन्न गरिने छ ।
- पर्यटन प्रर्वद्धन, संरक्षण, सम्वर्द्धन र पर्यटन विकासका कार्यक्रम संचालनका लागि सम्बन्धीत सरकारी गैरसरकारी संघ संस्था लगायत अन्य क्षेत्र संग समन्वय, सहकार्यको नीति लिईने छ ।
- हिमाली गाउँपालिकाका गौरबका योजनाहरुमा र ठुला आयोजनाहरुको सम्भाव्यता अध्ययन गरी आवश्यक कार्य अगाडी बढाईने छ ।
- पर्यटकीय क्षेत्रमा रुची राख्ने युवाहरुलाई ट्रेकीङ्ग गाईड, होमस्टे सञ्चालन तथा पर्यटकीय प्रवर्द्धन मुलक तालीम दिईने छ ।

- पर्यटन व्यवसाय व्यवस्थापनको लागी पालिकाको केन्द्र लगाएतका सवै सम्भाब्य स्थानमा होमस्टेहरु गुणस्तरीय र व्यवसायीक रुपमा सञ्चालन गर्ने गरी सञ्चालक लाई प्रशिक्षण दिईने छ ।

- पर्यटन प्रर्वद्धन सम्वन्धी क्रियाकलाप संचालन गरिने छ । गाउँपालिकाको पहिचान हुने तथा पर्यटन प्रवर्द्धन हुने गरि बिभिन्न सरोकार निकाय संगको सहकार्यमा विभिन्न पर्यटन पुर्वाधार निर्माणमा जोड दिईने छ ।

**४. घरेलु तथा साना उधोग तर्फ :**

- धुलाचौरमा निर्माणाधिन रहेको औधोगिक ग्रामको निर्माण कार्यलाई तीव्रता दिदै गाउँपालिका क्षेत्र भित्र उत्पादित फलफूल लगाएत कृषि जन्य उत्पादीत वस्तु, पशुजन्य उत्पादीत वस्तु, जडिबुटी, काष्ठजन्य वस्तु, केतुके, अल्लो, लोक्ता लगाएतका अन्य बन पैदावारसंग सम्बन्धीत उद्योगहरु आगामी वर्ष बाटै केही उद्योगहरु सञ्चालन गरी रोजगारी सिर्जना गरिने छ ।
- हिमाली गाउँपालिका वडा नं. १,२ र ३ लाई लक्षित गरी बिच्छ्याँमा नुन र खाद्य डिपो स्थापना गर्नको लागि आवश्यक पहल गरिने छ ।
- घरेलु तथा साना उद्योग विकास क्षेत्रमा सहयोग गर्ने निकायसँगको सहकार्यमा लघु, घरेलु तथा साना उद्यमीलाई उद्यम विकास तालिम तथा औजार, यन्त्र, उपकरण प्रदान गरीने छ ।
- स्थानीय वन पैदावर, प्राकृतिक स्रोत साधन, जडिवुटीमा आधारीत उद्योगहरु स्थापना गर्न लगानी कर्ताहरुलाई उचित वातावरणको व्यवस्था गरिने छ ।
- स्थानीय स्रोत साधन परिचालन गरि विभिन्न किसिमका आत्मनिर्भर हुने गरी मेडपा कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै सिप विकास तालिम सञ्चालन गरी स्वरोजगार बनाई आत्मनिर्भर बनाईने छ ।

**५. सहकारी विकास तर्फ :**

- गाउँपालिका भित्र स्थापना भएका सहकारीहरुको गुणस्तर र प्रभावकारीतालाई नियमन अनुगमन र सहकारी शिक्षामा जोड दिइने छ भने थप सहकारी विस्तार तथा विकास गरी सहकारीलाई पूँजी निर्माण साथै स्थानीय नागरिकलाई स्वरोजगार उत्पादन गराउने मह्त्वपुर्ण माध्यमको रुपमा स्थापित गरी रोजगारी वृद्धि गर्ने कार्यमा जोड दिईन छ ।

- सहकारीको दिगोपना र विश्वसनियता वृद्धि हुने गरी सहकारी सञ्चालनमा जोड दिईने छ ।

- अन्य संघ सस्था संगको सहकार्यमा सहकारीकर्मी तथा सरोकारवालालाई प्रशिक्षण लगायत अन्य कार्यक्रम संचालन गराउने नीति लिईने छ ।

**६. वैंक तथा वित्तिय तर्फ :**

- हालको भुक्तानी प्रकृयामा सरलीकरण गर्न ई.एफ.टि सिस्टमलाई लागु गरि वैकंमा लाईनमा बसिरहनु पर्ने अवस्थाको अन्त्य गरिने नीति अवलम्बन गरिने छ ।

- सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रमलाई व्यवस्थीत, भरपर्दो एवंम छिटो छरितो बनाउन बैकंको समन्वयमा घर दैलोमा वितरण गर्ने कार्य अघि बढाईने छ ।

- वैक तथा वितिय सेवा सरल सहज पहुच योग्य हुने गरी शाखा विस्तार तथा प्रविधि मैत्री वैंकीङ्ग सेवा प्रदान गर्न तथा सेवा लिनको लागी वैंकीङ्ग निकाय र नागरीक दुवैलाई उत्प्रेरीत गरीने छ भने सामाजीक सुरक्षा भत्ता समयमा वितरण गर्न र वैंकको कार्यवोझ कम गर्नको लागि पायक पर्ने स्थान मिलाएर पुनः वैंक खाता खोली भत्ता वितरण गर्ने कार्यलाई सरलीकरण गरीने छ ।

**(ख) सामाजिक विकास तर्फ :**

**माननीय सदस्य ज्युहरु**

**१. शिक्षा तर्फ :**

- आर्थिक अभावकै कारण उच्च शिक्षा अध्ययनबाट वञ्चित हुनुपर्ने समस्याको अन्य गरी गाउँपालिका सबै नागरिकका छोराछोरीले उच्च शिक्षा हासिँल गर्न सकोस भन्ने उद्देश्यका साथ कक्षा ११-१२ अध्ययन निःशुल्क गर्नको लागि आवश्यक बजेटको व्यवस्था मिलाईने छ ।
- **सुरक्षित विद्यालय धुलोमुक्त विद्यार्थी हाम्रो इच्छा, श्रम सिप र रोजगारमुखी गुणस्तरीय शिक्षा** भन्ने नारालाई साकार पार्दै प्रत्येक विद्यालयमा आवश्यक डेक्स, बेञ्च र फर्निचरको व्यवस्था भईसकेकोले अपुग र आवश्यकताको आधारमा पुनः व्यवस्थापन गरिने नीति लिईने छ।
- पालिका भित्रको शौक्षिक गुणस्तर सुधार गर्न अध्यक्ष, शिक्षक, अभिभावक, विद्यार्थी र आम सरोकारवाला संग बहुपक्षीय अन्तर्क्रिया कार्यक्रम संचालन गर्ने नीति लिईने छ।
- प्राथमिकताको आधारमा गाउँपालिका क्षेत्रभित्रका विद्यालयहरुमा इन्टरनेट जडान गरी शिक्षण सिकाईमा प्रविधिको प्रयोगलाई वढवा दिने कार्यलाई प्रोत्साहन गर्दै प्रत्येक माद्यामिक विद्यालय र निम्न माद्यामिक विद्यालयमा कम्प्युर अपरेटर शिक्षकको व्यवस्था गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।
- सामुदायिक विद्यालयहरुमा हाल कार्यरत विद्यालय कर्मचारी र बालविकास सहजकर्ताहरुको न्यूनतम तलब हुने गरी पारिश्रमिक बृद्धि गरिने छ ।
- शिक्षक दरबन्दी नभएका र विद्यार्थी सख्या बढी भएका विद्यालयहरुलाई शिक्षक अनुदानको व्यवस्थालाई निरन्तरता दिदै प्रत्यक मा.वि. र नि.मा.वि.तह संचालन भएका विद्यालयहरमा विषयगत शिक्षक दरबन्दी मिलान गरिने नीति लिईनेछ।
- कुनै पनि विद्यार्थीलाई पाठ्यपुस्तक बाट वञ्चित नगराई समयमा नै प्रत्येक विद्यार्थीको हात हातमा पाठ्यपुस्तक पुऱ्याउनुको साथै अन्य पाठ्यक्रम, शिक्षक निर्देशिका तथा सृजनात्मक र रचनात्मक पाठ्यपुस्तकको व्यवस्था गरि स्थानिय पाठ्यपुस्तक निर्माण गर्ने नीति लिईनेछ।
- हिमाली गाउँपालिका भित्र विद्यालयहरुको अन्तर विद्यालय शैक्षिक क्रियाकलाप गर्ने गराउने गरि आवश्यक बजेट व्यवस्थापन गरिने छ ।
- **स्वच्छ, सफा, हरियाली विद्यालय अभियान** अन्तरगत सम्पूर्ण विद्यालयमा बृक्षारोपण कार्यक्रम संचालन गरि **एक विद्यालय एक करेसावारी** अनिर्वाय बनाउनु पर्ने साथै बाह्रै महिना हरियो तरकारी अभियान संचालन गर्ने नीति लिईने छ ।

- हिमाली गाउँपालिका अन्तरगत कम्तीमा एउटा विद्यालयलाई आवासीय विद्यालय बनाउने गरि आवश्यक कार्य गरिने छ ।
- **एक विद्यालय एक पुस्तकालय साथै ई–पुस्तकालय**लाई समेत प्रत्येक विद्यालयमा विस्तार गरी शिक्षण सिकाईलाई आधुनिक प्रविधी मैत्री बनाई अनिवार्य कार्यान्वयन गर्ने निती लिईनेछ।
- महिनावारीका कारण पढाई छोडनुपर्ने अवस्थालाई अन्त्य गर्नका लागी प्रत्येक विद्यालयमा सेनेटरी प्याड उपलब्ध गराई स्यानीटरी प्याड सुरक्षित डिस्पोज गर्ने व्यवस्था मिलाईनेछ।
- सम्पूर्ण विद्यालयहरुका प्र.अ, शिक्षक, वि.व्य.स अध्यक्षलाई क्षमता विकास तालिमको व्यवस्था तथा नयाँ पाठ्यक्रम प्रत्वोधिकरणको लागि शिक्षक कर्मचारीको क्षमता विकास गर्ने नीति लिइनेछ ।
- विद्यालय बाहिर रहेका विद्यालय उमेर समुहका सबै बालबालिकाहरुलाई विद्यालयको पहुँच भित्र ल्याउन लागि विभिन्न कार्यक्रमहरु सञ्चाल गरिने छ ।
- गाउँपालिका भित्रको वास्तविक बस्तु स्थिती धार्मिक, सास्कृतिक तथा ऐतिहासिक विषय बस्तुलाई समेटी चालु आर्थिक वर्षमा स्थानिय पाठ्यक्रम निर्माण गरी आगामी शैक्षिक सत्रबाट कक्षा १ देखि ६ सम्म कार्यान्वयनमा ल्याईने छ ।
- गाउँपालिका भित्रका विद्यालयहरुका लागि अन्तरनिहित प्रतिभालाई प्रस्फुटनका लागि पालिका स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड, अध्यक्ष कप जस्ता अन्तर विद्यालय कार्यक्रम संचालनका लागि बालक्लव, युवाक्लबहरुलाई प्रोत्साहन गरिने छ ।
- शिक्षा क्षेत्रलाई आमुल परिवर्तन गर्नका लागि १० वर्षे गाउँ शिक्षा योजना निर्माण कार्य अगाडी बनाईने छ ।
- कक्षा १ देखि ३ सम्मका अति विपन्न दलित अपाङ्ग टुहुरा भएका बालबालिका लाई शिक्षाको पँहुचमा ल्याउनका लागि विद्यालयको तथ्याङ्कका आधारमा शैक्षिक सामाग्री निःशुल्क दिने व्यवस्था गरिने छ।
- शिक्षक कर्मचारीहरु लाई स्थानिय सरकारको प्रत्यक्ष संलग्नतामा शिक्षा समितिलाई सक्रिय बनाई कार्यविधि निर्माण गरि सरुवाको व्यवस्था मिलाउने नीति लिईनेछ।
- माध्यमिक विद्यालयहरुले **SEE (एस.ई.ई)** र कक्षा ११ र १२ लाई मध्यनजर गर्दै शिक्षा नियमावलीमा भएको व्यवस्था बमोजिम अतिरिक्त कक्षा संचालन गर्ने नीति लिईनेछ।
- विद्यालयमा कार्यरत लेखा सम्वन्धि काम गर्ने कर्मचारी र प्र.अ.लाई दोहोरो लेखा प्रणाली सम्वन्धी साथै संचित कोषमा अनलाईन प्रविष्ट सम्वन्धि तालिमको व्यवस्था गरिने छ।
- गरिब, दलित, अपाङ्गता भएका व्यक्ति जनजाती र लोपोउन्मुख समुदायका वालवालिकाहरुलाई प्राविधिक धारका शिक्षामा छात्रवृद्धिको व्यवस्था लाई निरन्तरता दिईनेछ ।
- समायोजन हुने विद्यालयहरुलाई तथा अंग्रेजी माध्यमबाट सन्चालन भएका विद्यालयलाई विषेस व्यवस्था गरी प्रोत्साहन दिने नीति लिईनेछ ।
- प्रत्यक बर्ष शैक्षिक कार्यपात्रो निर्माण गरि सो अनुसार शैक्षिक कार्यक्रम संचालन गर्ने नीति लिईनेछ।
- सानैबाट बालबालिकाहरुलाई खेलकूद प्रति आकर्षित बनाउन प्रत्येक विद्यालयमा खेलकुद सामाग्रीहरु उपलब्ध गराइने छ ।
- हिमाली गाउँपालिकाको परिक्षा प्रणालीमा एकरुपता ल्याउनका लागि गाउँपालिका स्तरीय वार्षिक परीक्षा सञ्चालन कार्यविधी बनाई त्यसैका आधारमा परीक्षा सञ्चालन तथा व्यवस्थापन गरिने छ ।
- गा.पा. भित्र सञ्चालनमा रहेको प्राविधिक शिक्षालयलाई व्यवस्थीत गर्दै त्यसबाट उत्पादन हुने जनशक्तिलाई रोजगारी सृजना हुने कार्यक्रम सन्चालन गर्ने नितिलाई प्राथमिकता दिईनेछ ।

- नेपाल सरकारबाट संचालित दिवा खाजा कार्यक्रमलाई व्यवस्थित गर्न खाजा घरको व्यवस्थापन गर्ने नीति लिइने छ ।
- विद्यालयमा स्वास्थ्य तथा पोषण कार्यक्रम संचालन लाई निरन्तरता दिदैं सम्पूर्ण विद्यालयको आवश्यकता अनुसार पानि शौचालय तथा सरसफाई जस्ता क्रियाकलापमा विद्यालयसँग काम गर्ने संघ संस्था संग सह-लगानी गर्ने निती लिईनेछ।
- प्राविधिक शिक्षा अध्ययनरत विद्यार्थीहरुका लागि पढ्दै कमाउदैं कार्यक्रम अगाडी बढाईने छ ।

## २. स्वास्थ्य तर्फ :

- हिमाली गाउँपालिकाका नागरिकहरुका लागि एम्बुलेन्स सेवा शुल्क पुर्ण रुपमा छुट दिने व्यवस्था मिलाई निःशुल्क एम्बुलेन्स सेवा संचालन गरिने छ। गर्भवती र सुत्केरी महिलाहरुलाई थप आर्थिक सहायता प्रदान गरिने छ।
- १८ वर्ष भन्दा कम उमेरका अपाङ्गता भएका बालबालिका लाई निशुल्क उपचार गर्ने नीति लिईने छ ।
- उपचार खर्च नभएकै कारण कसैले पनि ज्यान गुमाउनु नपरोस् भन्ने उद्धेश्का साथ क्यान्सर रोगबाट पिडित व्यक्तिहरु, मुटु रोग, मृगौलाको अपरेसन तथा डाईलाइसिस गर्नुपर्ने समस्या भएका व्यक्तिहरु, दुर्घटनामा परि मेरुदण्ड, अन्य भाइटल अंग एवं टाउकोमा चोटपटक लागि अपरेसन सम्म गर्नुपर्ने अवस्थाका बिपन्न परिवारका नागरिकहरुलाई बिशेष उपचार खर्च सहायता उपलब्ध गराउने गरि बजेटको ब्यबस्था मिलाइने छ |
- पाठेघर खसेका महिलाहरुको सम्पुर्ण उपचार खर्च गाउँपालिकाले व्यहोर्ने गरि बजेटको ब्यबस्था मिलाइने छ |
- हिमाली ५ क्यूडीमा स्वास्थ्य चौकी भवन र धुलाचौरमा गाउँपालिका स्तरीय आइसोलेसन सहितको बर्थीङ सेन्टर भवन निर्माण गरिने छ |
- सबै स्वास्थ्य संस्थामा खानेपानी र सौचालय निर्माण तथा सुधारका लागी आवश्यक बजेटको व्यबस्था मिलाइने छ |
- हिमाली गाउँपालिकाको अति दुर्गम गाउँ गुम्बामा नयाँ स्वास्थ्य संस्था स्थापना गरि स्वास्थ्य सेवा सुचारु गरिने छ।
- **"गाउँ गाउँमा स्वास्थ्य सेवाको पूर्वाधार गुणस्तरीय र भरपर्दो स्वास्थ्य सेवा समृद्ध एवं दिगो विकासको आधार"** भन्ने नारालाई स्वास्थ्यको मूल नाराको रुपमा अंगिकार गर्दै यस गाउँपालिकाका सबै नागरिकको पहुँचमा आधारभूत स्वस्थ्य सेवा पुगाउन हिमाली गाउँपालिकाका दुर्गम बस्तिहरु पाँडी, क्यूडी, बाम र बोर्तामा गत वर्ष नै स्वास्थ्य संस्था स्थापना गरिसकेको र आगामी आ.व.मा जनशक्ति र श्रोत साधन व्यवस्थापनको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।
- यस गाउँपालिकाका सम्पूर्ण बासिन्दालाई गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्न स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने सेवालाई थप प्रभावकारी बनाउन महामारी जन्य रोगहरुबाट बच्न र बचाउन खोप कार्यक्रमलाई थप प्रभावकारी बनाईने छ।
- बर्थिङ्ग सेन्टर तथा दक्ष प्रसुतिकर्मीको प्रयाप्त व्यवस्था गरि संस्थागत सुत्केरीलाई प्रोत्साहित गर्ने र आमा सुरक्षा कार्यक्रमको उपलब्धिलाई कायम राख्दै सवै स्वास्थ्य संस्थाहरुबाट गर्भ जाँच तथा सुत्केरी गराउन मिल्ने गरि आवश्यक व्यवस्था मिलाईने छ।
- **"म, मेरो स्वास्थ्य र मेरो जिम्मेवारी"** भन्ने नारालाई अंगीकार गर्दै यस गाँउपालिकाका सबै वडामा स्वास्थ्य विमा गर्न जनतालाइ प्रोत्साहित गरिने छ ।

➢ कुपोषणवाट प्रभावित रहेको समस्यालाई सम्वोधन गर्न स्वास्थ्य पोषण कार्यक्रम र अन्य जनस्वास्थ्यका कार्यक्रमलाई जोड दिई पूर्ण पोषणयुक्त गाउँपालिका कुपोषण मुक्त गाउँपालिका घोषणा गर्ने गरि आवश्यक कार्य गरिने छ ।
➢ विभिन्न सरुवा रोग महामारी नियन्त्रणको लागि श्रोत साधन सहित सस्थागत, नीतिगत, संरचनागत जनशक्तीको व्यवस्था र प्रभावकारी कार्यन्वयनमा जोड दिईने छ ।
➢ वहुक्षेत्रिय पोषण कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गरीने छ ।
➢ पाँडी, बोर्ता, बाधु र कोट मा OTC केन्द्र स्थापना गरि सेवा सुचारु गरिने छ ।
➢ खोपद्धारा रोकथाम गर्न सकिने रोगहरुको रोकथामको लागि नयाँ खोपहरुको शुरुवात गरिने छ । गुणस्तरीय खोपको प्रर्वद्धनको लागि कोल्ड चेन कायम राख्न गाउँपालिका तहको कोल्ड चेन गुणस्तर सुनिश्चित गर्न आवश्यक प्रक्रिया अगाडि बढाइने छ ।
➢ विद्यालयमा प्राथमिक स्वस्थ्य सेवा विस्तार गरिनुका साथै कुनै पनि नागरिक बञ्चित नहुने गरी आकस्मिक स्वास्थ्य सेवा समुदायसम्म उपलब्ध गराईने छ ।
➢ विभिन्न महामारी जन्य रोगहरु सर्ने तथा नसर्ने रोगहरु सम्बन्धि रोकथाम, नियन्त्रण, उपचार र जनचेतनामूलक कार्यक्रममा जोड दिइने छ ।
➢ मानसिक स्वास्थ्यसंग सम्बन्धित समस्याप्रति आवश्यक जनचेतनाको अभिबृद्धि गर्न, त्यसको रोकथाम, उपचार र नियन्त्रण गर्न प्राथमिक स्वास्थ्य सेवाको तह देखिनै व्यवस्थापन गरी प्रेषण अस्पताल सम्म पहुच सुनिश्चित गरिनेछ ।
➢ नागरीकहरुलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य क्षेत्रमा काम गर्ने सरकारी एवं गैरसरकारी संघसंस्थाका साझेदार निकाय संगको समन्वय तथा सहकार्यलाई थप प्रभावकारी बनाउने नीति लिइनेछ |

**३. महिला, बालबालिका तथा ज्यष्ठ नागरिक तर्फ :**

➢ **१६ दिने महिला हिंशा दिवस, नारी दिवस, तिज विषेश, नेपाली सस्कृति जोगाउन स्थानीय पर्व जस्ता कार्यक्रम** संचालन गरि महिला सशक्तिकरणमा जोड दिईने छ ।
➢ न्यायिक समितिलाई सकृय गराई महिला प्रति हुने सबै प्रकारका हिंसाको अन्त्य तथा विभेदमा छिटो न्याय दिने कुरालाई प्राथमिकता दिईने छ ।
➢ न्यायिक समितिले सम्पादन गर्ने कार्य सम्बन्धमा सबै वडामा जनचेतना कार्यक्रम संचालन गरिने छ ।
➢ वालविवाह, वहुविवाह, छाउपडी जस्ता कुपर्था र कुसंस्कृती लाई न्यूनीकरण गर्न विभिन्न कार्यक्रमहरु संचालन गरिने छ ।
➢ वालविवाह न्यूनिकरणको लागि उपाध्यक्षसँग किशोरी कार्यक्रम गरिने छ ।
➢ बालबालिकाको पोषण लगायत बाल अधिकार विषयमा विभिन्न अन्तरक्रिया लगायतका कार्यक्रम संचालन गरिने छ ।
➢ आपतकालीन बाल संरक्षण, आपतकालीन महिला संरक्षणको लागि विषेश कोष स्थापनाका लागि पहल गरिने छ ।
➢ यूवा क्लव, बाल क्लवहरुको गठन, दर्ता, तथा व्यवस्थापन कार्यमा जोड दिँदै यूवा तथा बालबालिका शशक्तीकरण कार्यक्रम संचालन गरिने छ ।

**४. सामाजिक सुरक्षा तर्फ :**

- ❖ गाउँपालिका भित्रका ५५ बर्ष भन्दा माथिका एकल पुरुषलाई गाउँपालिकाको तर्फ बाट सामाजिक सुरक्षा भत्ता दिने व्यवस्था मिलाईने छ ।
- ❖ गाउँपालिका भित्रका ६५ बर्ष भन्दा माथि र ६८ बर्ष भन्दा तलका जेष्ठ नागरिकहरु र **'ग'** र **'घ'** वर्गका सम्पूर्ण अपाङ्गता भएका व्यक्तिहरुलाई गाउँपालिकाले दिदै आएको सामाजिक सुरक्षा भत्ता कार्यक्रममा ५० प्रतिशतका दरले बृद्धि गर्ने गरि आवश्यक बजेटको व्यवस्था गरिने छ ।
- ❖ अपाङ्गता भएका व्यक्तिहरुको सामाजिक समावेशीकरण एवं सेवा प्राप्तीमा सहज पहुँचका लागि गाउँपालिका कार्यालय, वडा कार्यालय, सबै स्थानीय स्तरका विषयगत सरकारी कार्यालयहरु लगायत प्रत्यक टोलमा अपाङ्गमैत्री सार्वजनिक शौचालयहरु बनाईने छ ।
- ❖ गाउँपालिका भित्र अपाङ्गता तथा ज्येष्ठ नागरिकहरुको पहिचान गरि समय अनुकूल परिचयपत्र वितरणका लागि आवश्यक बजेटको व्यवस्था गरिने छ ।

## (ग) पूर्वाधार विकासतर्फ नीतिहरुः

**सभा माननीय सदस्य ज्युहरु,**

- ➢ हिमाली गाउँपालिकाका गौरवका आयोजनाहरुमा जस्तै १० सैँया अस्पताल, कुवाडी जलविद्युत आयोजना, धुलाचौर वृहत लिफ्टिङ्ग खानेपानी आयोजना, औद्योगिक ग्राम क्षेत्र, जडीबुटि उद्योग, विच्छ्याँ रानीसैन सडक, धुलाचौर बुढीनन्दा सडक, धिम फैती रुगीन विच्छयाँ सडक निर्माण आयोजनाहरुलाई निरन्तरता दिईने छ ।
- ➢ जग्गा वर्गिकरण गरि करको दायरामा ल्याईने छ ।
- ➢ प्रत्येक ठुला आयोजनाको हकमा अनिवार्य डि.पी.आर तयार गरि कार्य अगाडी बढाईने छ ।
- ➢ प्रत्येक वडाका सडक, खानेपानी, सिंचाई र फोहोर व्यवस्थापन गर्न योजना बैंक निर्माण गरि सम्बन्धित क्षेत्रसँग समन्वय गरी कार्यान्वयन गरिने छ ।
- ➢ उपभोक्ता समितिबाट सम्पन्न गरिने योजनाहरुको लागि आर्थिक बर्षको पहिलो चौमासिक भित्र स्थानीय स्रोत परिचालन निर्देशिका २०६९ बमोजिम कार्य प्रक्रिया संचालन गरिनु का साथै कार्य विवरणको कार्य तालिका बनाई लागु गरिने छ ।
- ➢ अत्यावश्यक मेशनरी तथा निर्माण सामग्री खरिद हुने योजना बाहेक अन्य योजनामा कुल लागतको २० प्रतिशत सम्म पेश्की रकम दिईने व्यवस्था मिलाईने छ ।
- ➢ गाउँपालिका क्षेत्र भित्रका पूर्वाधार निर्माण गर्दा वडा तथा गाउँपालिका, प्रदेश र संघ गरि ३ तहमा योजनाहरु वर्गिकरण गर्ने व्यवस्था मिलाईने छ ।
- ➢ आर्थिक वर्षको दोस्रो चौमासिक सम्म कम्तिमा ७० प्रतिशत काम सम्पन्न गर्न कडाईका साथ लागिने छ ।

- हिमाली गाउँपालिकामा रहेका बाँझो जग्गाहरुमा वृक्षारोपण कार्यक्रम संचालन गरिने छ ।
- हिमाली गाउँपालिका भित्रको सिमाना दक्षिण तर्फको बुढीनन्दा नगरपालिका उत्तर तर्फ ताँजाकोट गाउँपालिका बिचमा रहेको राष्ट्रिय गौरवको आयोजना कर्णाली करिडोरमा वृक्षारोपण गर्ने व्यवस्था मिलाईने छ ।
- योजना प्रभावकारी, पारदर्शि तथा गुणस्तरीय रुपमा सम्पन्न गर्नका लागि आ.व. २०८०।०८१ मा हुने सम्पूर्ण काम उपभोक्ता समिति गठन नवगठित उपभोक्ता समितिलाई तालिम एवंम प्राविधिकहरु बाट सर्भे र डिजाईनको कार्य तालिका बनाईन कार्य सम्पन्न गरिने छ ।
- सडक निर्माण तथा मर्मत र अन्य आयोजनामा मर्मत गर्नका लागि पालिकाको आफ्नै जे.सि.भी व्याक लोडर (डोजर) खरिद गरिने छ ।
- धुलाचौर आसपास लगायतका बजार क्षेत्रको फोहोर व्यवस्थापनका लागि कुहिने र नकुहिने फोहोर व्यवस्थापनका लागि धुलाचौरमा सार्वजनिक शौचालय र प्रतिक्षालय सहित डम्पिङ साइट निर्माण गरिने छ ।
- स्थानीय स्तरमा पाईने निर्माण सामाग्री जस्तै ढुगां, बालुवा, गीट्टीको दर रेट निर्धारण गरिने छ ।
- आफ्नै दर रेट बुक तयार गरि कार्यपालिका बाट पारित गरिने छ ।

**रोजगार तर्फ :**

- गरीव तथा बिपन्न दलित आदीबासी जनजाती एकल महिला न्यून आए भएका व्यक्तीलाई रोजगारीमा प्राथमिकता दिइने छ ।
- रोजगारीको हक सम्बन्धी ऐन तथा नियमावली एवम प्रधानमन्त्री रोजगार कार्यक्रमले परिभाषित गरे बमोजिम बेरोजगार व्यक्तीहरुको आबेदन प्रक्रिया तथा रोजगारीमा संलग्न गराउने प्रक्रियाका सम्बन्धमा सचेता मुलक कार्यक्रम **(न्यूनतम रोजगार ,नागरिकको अधिकार) संचालन गरिने छ ।**
- रोजगार सेवा केन्द्रबाट एकिकृत रोजगार मुलक सेवा प्रदान गर्न तीनै तहका सरकार बिच संचार समन्वय र प्रर्वद्धनात्मक अभियान (स्थानीय सरकार रोजगारीको आधार) संचालन गरिने छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमको उदेश्य र कार्य नीतिका सम्बन्धमा स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी तथा नागरिक समाजसंग छलफल तथा अर्न्तक्रिया गर्ने (आफ्नै पौरख आफनै गौरव) कार्यक्रम संचालन गरिने छ ।
- स्थानीय तहबाट रोजगार मन्च गठन गरी रोजगारीका सम्भाव्यताको पहिचान समस्याको निदान र रोजगारी नबिनतम उपायको बिधि बिधान बिकास रोजगारी नीति कार्यक्रमका सम्बन्धमा छलफल गर्न क्रियाकलाप रोजगार नीति बिकासको बिधि संचालन गरिने छ ।

**२. सडक तथा पुल तर्फ :**

- हिमाली गाउँपालिकाको सडक सञ्चालसँग नजोडिएका वस्तीहरु पाँडी, बक्षाँ र वडा नं १,२ र ३ मा सडक पुगाउने गरी निर्माण कार्य गरिनुका साथै वडा नं. ४,५,६ र ७ मा निर्माण भईरहेका सडकहरुलाई स्तरउन्नती गर्ने व्यवस्था मिलाईने छ ।
- नयाँ बनाईने सडकहरुको लागि बायोईन्जिनिरियङ्ग अवधारणा ल्याईने छ ।

**३. भवन तथा सहरी विकास तर्फ :**

- गाउँपालिका क्षेत्र भित्रमा कुनै पनि व्यक्तिले निजी आवास बनाउँदा भवन निर्माण मापदण्ड, २०७२ को पूर्ण रुपमा पालना गरि साथै प्राविधिकको सल्लाहमा निर्माण गर्ने व्यवस्था मिलाईने छ ।
- सुरक्षित निजि आवसको लागि यस गाउँपालिका भित्रका कुनै पनि नागरिकलाई निशुल्क परामर्श सहित घरहरुको नक्सा उपलब्ध गर्ने व्यवस्था मिलाईने छ ।
- भवन निर्माण अनुमति सम्बन्धी कार्यविधि कार्यपालिकाबाट पारित गराई यस गाउँपालिका बाट दिईने भवन निर्माण अनुमति प्रक्रियालाई सरल बनाउन तथा भवन मापदण्ड र राष्ट्रिय भवन निर्माणसंहिताको प्रभावकारी कार्यान्वयनको निमित्त आवश्यक प्रबन्ध गरि आम नागरिकलाई सुरक्षित आवासको सुनिश्चितता गरिने छ ।

**४. विद्युत तथा उर्जा तर्फ :**

- **हिमाली उज्यालो कार्यक्रम** भन्ने नारालाई साकार पार्न कुवाडी लघु जलविद्युत आयोजनाका प्रसारणको लाईन वडा ४ र ५ मा विस्तार भईसकेको र ६ नम्बर वडाका सबै वस्तीहरुमा प्रसारण लाईन विस्तार गरिने छ ।
- कादुरी संस्थासँगको समन्वयमा हिमाली गाउँपालिका वडा नम्बर १,२ र ३ लघु जलविद्युत योजना निर्माण कार्य गरिने छ ।
- यस गाउँपालिकाको विद्युत नभएको वस्तीहरुमा विभिन्न संघ संस्था र सरकारी निकायहरु सँग समन्वय साझेदारी गरि वैकल्पिक सौर्य ऊर्जाको लागि आवश्यक कार्य गरिने छ ।

**५. सिँचाई तर्फ :**

- नजिकै रहेको कर्णालीको पानी लिफ्टिङ्ग प्रणाली द्धारा खानेपानी र सिचाँइका निम्ती प्रयोग गरिने छ ।
- गाउँपालिकाको सम्भव भएका स्थानहरुका खेती योग्य जमिन वाँझो नराख्नको लागि सिचाँई सेवा विस्तारमा जोड दिईने छ ।

**६. सञ्चार तर्फ :**

- गाउँपालिकाको वेबसाईटलाई अध्यावधिक राखी महत्वपूर्ण निर्णय, जानकारी र सूचनाहरुलाई वेबसाईटमा राख्ने कार्यलाई प्रभावकारी बनाईने छ ।
- गाउँपालिकाबाट प्रदान गरिने सबै प्रकारका सेवा सुविधाहरुलाई क्रमशः सफ्टवेयर प्रणाली तथा विद्युतीय माध्यमबाट संचालन गर्दै लगिने छ ।
- गाउँपालिकाका समग्र गतिविधिहरुलाई चौमासिक बुलेटिन प्रकाशन गरि सार्वजनिक गरिने छ ।
- संचार तथा सूचना प्रविधिको प्रयोगमा आम नागरिकको पहुँच अभिबृद्धि गरिने छ । शिक्षा, स्वास्थ्य, विकास निर्माण र सेवा प्रवाह लगाएतका क्षेत्रमा सूचना प्रविधिको प्रयोगलाई विस्तार गरिने छ ।

- गाउँपालिका वा वडा कार्यालय बाट सम्पादन गर्ने कार्यलाई कम कागज (Paper Less) विधि अपनाउँदै विद्युतीय प्रणालीको उपयोगलाई बढवा दिईने छ ।
- गाउँपालिका भित्रका सबै बस्तीलाई इन्टरनेटको पहुँचमा ल्याउने गरी आवश्यक कार्य गरिनेछ ।
- रेडियो, टेलिभिजनमा अर्न्तरसंवाद, अन्तरक्रिया तथा सुचना, जानकारी मुलक कार्यक्रम संचालनमा जोड दिईने छ ।
- दुर्गम तथा पिछडिएको क्षेत्रका नागरिकहरुलाई टेलिफोनको पहुँचमा ल्याउन हिमाली गाउँपालिका वडा नं १ विच्छयाँ वडा नं ५ कुवाडी र वडा नं ६ को पाँडी वडा नं ३ को गुम्बामा फोनको टावर निर्माण गर्नका लागि आवश्यक कार्य अगाडी बढाइने छ ।

## (घ) वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ :

**माननीय सदस्य ज्युहरु**

- गाउँपालिका क्षेत्रमा लोप हुँदै गएका तथा पशुजन्य घाँसका विरुवा तथा घाँसे चरीचरण उत्पादनमा जोड दिई नीजि तथा सामुदायिक वनको खाली तथा वाँझो जग्गामा वृक्षारोपण कार्यलाई पशुजन्य उत्पादन र उत्पादकत्व वढाउने कार्यलाई प्राथमिकता दिइनेछ ।
- वन उपभोक्ता समिति संगको सहकार्यमा वन तथा वातावरण सम्वन्धि कार्यक्रमहरु संचालन गर्दा जैविक विविधता संरक्षण, जलवायु परिवर्तन अनुकुलन तथा गरिव तथा विपन्न वर्गको जिविकोपार्जनमा मद्धत पुर्‍याउने कार्यक्रमहरुलाई विशेष प्राथमिकता दिइने छ ।
- बिकासका बिभिन्न क्रियाकलापहरुमा बिपद जोखिम न्यूनिकरण र जलवायु अनुकुलनलाई समावेश गर्न मार्गनिर्देशन गरिने छ ।
- प्रारम्भीक चरणमा फोहोर मैला व्यवस्थापनको लागि प्रत्येक वडा टोल-टोलमा टोल सुधार समिति मार्फत पुर्ण सरसफाई अभियानको थालनी गरिने छ ।
- वातावरण मैत्री गाउँपालिका वनाउनको लागि वातावरणमैत्री स्थानिय शासन २०७० को सुचक अनुसार कार्यक्रम तय गरिने छ ।
- वन फँडानी र भु-क्षयीकरण घटाउने कार्य र वृक्षारोपणलाई उच्च प्राथमिकतामा सञ्चालन गर्ने नीति लिईने छ ।
- यस पालिकाको क्षेत्रका संवेदनशील र जोखिममा रहेका सिमसार, पोखरी, ताल तलैयाहरुको संरक्षण गर्ने कार्यक्रम समावेश गरि स्थानीय युवा, महिला र सामाजिक संघ संस्थाहरुको सहभागितामा अभियानको रुपमा सञ्चालन गर्ने गरिने छ ।
- संघ तथा प्रदेश संगको सहकार्यमा जलाधार, झरना आदीको संरक्षण तथा भु-संरक्षणमा जोड दिईने छ ।

- वन्यजन्तुको चोरी शिकारी, वन डढेलो र अवैध रुपमा जडिवुटीको चोरी निकासीलाई प्रभावकारी रुपमा नियन्त्रण गर्न सुरक्षा संयन्त्रको सहयोगमा एकिकृत घुम्ती अनुगमन बर्षको २ पटक गरीने छ ।

## २. विपद् व्यवस्थापन तर्फ :

- गाउँपालिकामा भएका विद्यमान प्रकोपहरु तथा त्यसबाट हुने विपद्जन्य अवस्था र क्षतिको पहिचान गरी तिनको न्यूनीकरण गर्न समाधानका उपायहरु पहिचान गरिने छ ।
- विपद्बाट हुने क्षति दिगो रुपमा न्यूनीकरण गर्न स्थानीय स्तरमा पहिचान भएका विपद् पूर्व, विपद्को समयमा र विपद् पश्चात् विभिन्न क्रियाकलापहरुको विश्लेषण गरी योजना निर्माण गरी संचालन गरिने छ ।
- हुन सक्ने विपद् जोखिम न्यूनिकरण गर्न विपद्को समयमा विपद् भैरहेको स्थान सम्म पुग्ने बाटो सुचारु गर्न, पहिरो तथा अन्य विपद्मा परि जनधनको क्षतिलाई न्यूनिकरण गर्न छिटो छरितो उद्धार गर्नको लागि गाउँपालिका बाट **जे.सि.भि व्याक लोडर (डोजर)** को व्यवस्था गरिने छ ।
- यस गाउँपालिकामा विपद्जन्य बाढी पहिरो बाट प्रभावित वडा नं ५ क्यूडी र ४ दलित वस्ती पुनःनिर्माणको चरणमा रही घर बनाउने वाफतको पहिलो किस्ता पाई दोस्रो किस्ता पाउने प्रक्रियामा रहेको साथै बोर्ता गाउँ, बोल्ढीक गाउँ र वक्षाँ गाउँलाई वस्ती विस्तारका लागि आवश्यक पहल गरिने छ ।
- प्रत्येक वडाहरुमा विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन सामाग्रीहरु र खोज तथा उद्धारका लागि आवश्यक पर्ने न्यूनतम सामाग्रीहरुको व्यवस्था गरिने छ ।
- स्थानीय विपद् व्यवस्थापन समितिका सदस्यहरु र वडा स्तरीय विपद् व्यवस्थापन समितिका सदस्यहरुलाई विपद् भएको समयमा खोज तथा उद्धारका लागि आवश्यक पर्ने तालिम, अभियानहरु संचालन गरिने छ ।
- वडा स्तरीय विपद् व्यवस्थापन समितिलाई खोज तथा उद्धार र राहतको लागि बजेट व्यवस्था गरिने छ ।
- विपद् जोखिम न्यूनीकरणमा कार्यरत विभिन्न सरकारी, गैरसरकारी तथा अन्य सरोकारवालाहरुको भूमिका पहिचान गरी समन्वयात्मक ढंगले एकिकृत रुपमा कार्यक्रम कार्यान्वयनको सुनिश्चितता गरिने छ ।
- विपद् व्यवस्थापन कोषलाई निरन्तरता दिई आवश्यक वजेट विनियोजन गरिने छ । साथै सो कोषको रकम महामारी, दैवि प्रकोप तथा विपद् व्यवस्थापन र उद्धारमा खर्च गरिने छ ।
- दैविक प्रकोपका कारण पालिका भित्रका कुनै नागरिकहरुको धनजनको क्षेती हुन पुगेमा आवश्यक राहत वितरण र उद्धारको लागि निशुल्क एम्बुलेन्स परिचालनको व्यवस्थापन गरिने छ ।
- स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र **(LEOC)** स्थापना गरिने छ ।

- विपद्का समयमा खाद्य श्रृङखला अवरुद्ध हुने हुँदा आवश्यकताका आधारमा खाद्यान्न ढुवानीमा अनुदान दिइने छ ।
- विपद् जोखिम न्यूनिकरण क्रियाकलापहरुलाई गाउँपालिकाको विकास कार्यक्रममा समेत समावेश गर्न आवश्यक कार्य अगाडी बढाईने छ ।
- यस गाउँपालिकावासि दैविक प्रकोपमा परि कसैको ज्यान गएमा गाउँपालिकाले दाहसस्कारको लागि आवश्यक रकम तथा अन्य बन्दोवस्त उपलब्ध गराइने गरि बजेट व्यवस्थापन गरिने छ ।
- विपद बाट बच्नको लागी पुर्व तयारी सम्बन्धी नितिगत , संरचनागत, श्रोत साधन र औजार उपकरण सवैको प्रवन्ध गरीने छ ।

## (ङ) सुशासन तथा संस्थागत विकास समिति तर्फ :

**माननीय सदस्य ज्युहरु**

**१. मानव संशाधान सम्बन्धि नीतिः**

- कुपोषण र गरिबीको मुल कारक तत्वको रुपमा रहेको बालविवाहलाई न्यूनीकरण गर्न उच्च शिक्षा हासिँल गरी कानूनीरुपमा उमेर पुगेर विवाह गर्ने छोरीहरुलाई उचित पुरस्कारको व्यवस्था मिलाईने छ ।
- कर्मचारीहरुको कार्य प्रकियालाइ वैज्ञानिक ढङगले ब्यावस्थापन गर्न समय सापक्षे विभिन्न सिपमुलक तालिम तथा सेवाकालिन तालिम संचालन गरिनेछ । विभिन्न शाखा प्रमुखहरु सँग कार्यसम्पादन करार गरी काम गर्ने कार्यको थालनि गरिनेछ ।
- यस आर्थिक बर्षमा सबै वडा कार्यालयमा डिजिटल नागरीक वडा पत्र  राखी  वडा कार्यालय बाट गरिने काम हरु डिजिटाईजेसन प्रणाली लाई प्राथमिकीकरणका आधारमा लैजाने व्यवस्था मिलाईने छ।
- गाउँपालिका गतिविधि सम्बन्धमा चौमासिक र बार्षिक बुलेटिन प्रकाशान गरिनेछ ।
- कर्मचारी र पदाधिकारीको मनोवल उच्च राख्न सकारात्मक सोच लगाएत विभिन्न तालिम तथा १० दिने आन्तरीक पर्यटकिय भ्रमण जस्ता कृयाकलापलाई प्राथामित्का दिईनेछ भने काम नगर्ने जिम्मेवारी नलिने सूचना प्रविधि मुलक टेक्नोलोजि प्रयोग गर्न नजान्ने तथा नसक्ने गाउँपालिकाको समग्रह विकाश गतिविधि र सेवा प्रवाहमा असर पुर्याउने र गाउँपालिका पदाधिकारी विरुद्द अनावश्यक गतिविधि गर्ने कार्यलयमा पटक पटक अनुपस्थित रहने कर्मचारी लाई अन्यत्र सरुवा भई जाने गरी सहमति तथा सम्बन्धित निकायमा पत्रलेखी पठाउनुका साथै करार कर्मचारीहरुको हकमा करार सम्झौता रद्द सम्म गरिनेछ ।
- कर्मचारी सहायताका लागि छुट्टै एक गाउँपालिका स्तरमा कर्मचारी कल्याणकारी कोषको स्थापना गरिने छ ।
- जनताको वास्तविक आवश्यकता लाई मध्यनजर गरी ७ वटै वडाका विकट बस्तिमा कम्तिमा एक पटक एकिकृत घुम्ति शिविर सञ्चालन गरी प्रभावकारी घर दैलो सेवा प्रदान गरिने छ ।
- हिमाली गाउँपालिका वडा नम्बर ६ मा जनसंख्याका आधारमा ठुलो भएको हुनाले यस भन्दा पहिला ९ औं गाउँसभाले वडा अलग गर्ने भनि पास गरीएको हुनाले पुन ६ नम्बर वडाको पाँडीलाई छुट्टै वडा बनाउन सम्बन्धित निकायमा पहल गरिने छ ।

- हिमाली गाउँपालिका भौगोलिक, आर्थिक, शैक्षिक रुपमा पिक्षडिएको गाउँपालिका भएकाले यस क्षेत्रको समग्र विकास का लागि प्रदेश सरकार तथा केन्द्र सरकार समक्ष प्रशासनिक तथा प्राविधिक कर्मचारी व्यबस्थापनको लागि अनुरोध गरिनेछ ।
- प्रत्यक वडा कार्यालय बाट नै योजनाको प्रत्यक्ष सम्पर्क हुने हुदा योजना सम्बन्धि तालिमको व्यवस्था मिलाई योजनाको किताव समेत वडा कार्यालय बाट वितरण गर्न व्यवस्था मिलाईने छ।
- गाउँपालिका भित्रका शाखा वडा कार्यालय र अन्य सम्पूर्ण सघ संस्थाले प्रत्येक महिनामा आफ्नो कामको प्रगति प्रतिवेदन सहित सार्वजनिक सुनुवाई गर्ने र गाउँपालिका वाट सञ्चलित योजनाको अनिवार्य सार्वजनिक सुनुवाई गर्नु पर्ने मा जोड दिईनेछ ।
- नेपाल सरकार सघिय सञ्चित कोषमा आधारित राजश्वको सफ्टवयर सञ्चालनमा ल्याई सकेकोले प्रत्यक वडा बाट नै राजश्व सकलन गर्नका लागि वडा स्तरमा उक्त सप्टवयर सञ्चालनमा ल्याउनका लागि ईन्टनेटको व्यावस्था मिलाईने छ ।
- गाउँपालिकामा विवाद समाधान गर्नका लागि एक ईजलास व्यवस्थापन गरिनेछ ।
- गाउँपालिकाको न्यायकि समितिले विवाद समाधान गर्न लागि सल्लाकारका रुपमा एक जना सल्लाहाकार माग गर्ने व्यावस्था मिलाईने छ ।

## २. सुशासन, संगठन विकास तथा कार्यालय व्यवस्थापन सम्बन्धि नीति :

- सार्वजनिक खरिद ऐन, २०६३ र खरिद निमावली २०६४ संसोधन सहित कानुनको अधिनमा रहि ठुला योजना तथा आयोजनाहरु निर्माण व्यावसाहीहरुलाई ठेक्का प्रणली द्वारा प्रतिस्पर्दा गराउने तथा साना योजनाहरु उपभोक्ता समिति मार्फत गर्ने गरी नीति लिईने छ ।
- प्रत्येक वडामा मेलमिलापकर्ता गठन भई सकेकोले वडा स्तर बाटनै विवाद समाधान हुने खालका मुद्दा लाई वडा कार्यालयबाट नै विवाद समाधान गर्ने व्यवस्था मिलाईने छ ।
- हिमाली गाउँपालिका बाट पारित भै सकेका ऐन, नियम र कार्यविधि लाई राजपत्रमा प्रकाशन गर्ने र निर्माण गर्नु पर्ने कानुन निर्माण गर्ने कार्यलाई प्राथामिकता दिईनेछ ।
- गाउँपालिकाको प्रशासनिक तथा सांगठनिक संरचना र संस्थागत प्रणालीलाई चुस्त दुरुस्त, विश्वसनियता, क्षमता युक्त र प्रभावकारि बनाउदै अत्यावश्यक रिक्त दरबन्दीहरुमा उपयुक्त प्रकृयाबाट पदपूर्ति गरिनेछ ।
- गाउँपालिकालाई आवश्यक मेसिनेरी औजार, ढुवानीका साधन र सवारी साधनहरु खरिद गर्दा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद निमावली २०६४ संसोधन सहित कानुनको अधिनमा रहि खरिद गर्ने प्रणाली लाई प्रथामिकता दिईनेछ ।
- यस हिमाली गाउँपालिकाका महिला, दलित बालबालिका, जनजाती, अपाङ्गहरुको क्षमता विकासका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

## ३. मर्यादा पालन सम्बन्धि नीति :

- गाउँसभा सञ्चालन कार्यविधि २०७४ मा उल्लेखित मर्यादा पालन सम्बन्धि विविध विषयलाई कडाईका साथ पालनामा जोड दिइनेछ ।
- गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत बैठक सञ्चालन सम्बन्धि कार्यविधिको पालनामा जोड दिइनेछ ।

**सभाका माननीय सदस्य ज्युहरु,**

अन्त्यमा विकास प्रेमी तपाईहरु सवै जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी आम स्थानीय नागरिक, राजनीतिज्ञ, वौद्धिक वर्ग र समाज सेवीहरुको व्यापक सहभागितामा हिमाली गाउँपालिकाको समस्त आर्थिक, समाजिक, मानविय , भौतिक तथा वातावरणीय विकास गर्ने गरी तर्जुमा गरिएको यो नीति तथा कार्यक्रम वजेट मार्फत स्वीकृत गरी कार्यान्वयनमा सकृय सहभागि भई दिनु हुन श्रद्धेय उपाध्यक्षज्यू लगायत सवै गाउँ सभाका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत लगाएत सवै राष्ट्र सेवक कर्मचारी मित्रहरु र सम्पुर्ण सरोकारवालाहरुमा हार्दिक अनुरोध गर्दछु । त्यसैगरी गाउपालिकाको बिकास प्रयासमा सहयोग गर्ने संघिय सरकार ,प्रदेश सरकार, गै.स.स. लगायत सरोकारवाला सवैलाई धन्यबाद दिन चाहान्छु ।

जय हिमाली !

**गोविन्दबहादुर मल्ल**
**अध्यक्ष**
**हिमाली गाउँपालिका**
**धुलाचौर,बाजुरा**